# माडी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## लुम्बिनी प्रदेश, नेपाल

फोन: 086-416036
मोबाईल: ९८५७८२४६०१
ईमेल:madimunrolpa@gmail.com


प.सः०८१।०८२
च.नः ८०६

माडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

मिति २०८१।५।९

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू
माडी गाउँपालिका, रोल्पा ।

**विषयः- वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभगी हुने बारे ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८ मिति २०८१।५।५ को पत्र तथा वैदेशिक रोजगार बोर्डको सचिबालयको च.नं. १४१ मिति २०८१।०४।३१ गतेको पत्र मार्फत प्राप्त वैदेशिक रोजगार सन्तति छात्रबृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचनाको छायाँप्रति पाना-१ र वैदेशिक रोजगार सन्तति छात्रबृत्ति (शैक्षिक सत्र २०८०मा भूक्तानी छट भएका एवम् २०८१) का लागि निवेदन दिने बारेको सूचनाको छाँयाप्रति पाना-४ संलग्न राखिएको छ । पत्रको ब्यहोरा अवगत गर्नु भई सूचना संप्रेशन गर्न गराउन हुन अनुरोध छ ।

०८।९

(इश्वरी प्रसाद गौतम)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं
फोन नं. ०१-४३२०३११
श्रमाधान: ११४१

मितिः २०८१/०४/३१
ने.सं. ११४४ गुंलाथ्व शुक्ल दशमी विहीवार

प.सं.- २०८१/८२
च.नं.- 989

दर्ता नं.:- 693 / 5/2
दर्ता मितिः-

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः स्थानीय तहहरुमा सूचना प्रेषण गरिदिनुहुन।

प्रस्तुत विषयमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम वितरण हुने छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको मिति २०८१/०४/३१ मा प्रकाशित सलग्न सूचना सबै स्थानीय तहहरुमा प्रेषण गरी आवश्यक कार्यान्वयनमा सहजीकरण गरिदिनुहुन सो सूचनाको छायाँकपी यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(टिकाराम ढकाल)
निर्देशक

प्र. शु. प्र.
58 / 5/12

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी प्रशासन शाखा
दर्ता नं.:- 55
मितिः- 2081/5/5

श्री संघीय मामिला ... 5/2

प्रा.अ. शाखा
स्थानीय तहहरुमा जानकारी गराउनु
5/2

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या : ०८०/०८१
चलानी नं. : १८

मिति:२०८१/५/५
ने.सं. ११४४ गुंलागा २ बुधवार

श्री स्थानीय तह,
७५३ वटै ।

विषय: **वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सम्बन्धमा।**

उक्त विषयमा वैदेशिक रोजगार बोर्डको सचिवालयको च.न. १४१ मिति २०८१/०४/३१ गतेको पत्र मार्फत प्राप्त वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचनाको छायाँप्रति पाना -१ र वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारको सूचना को छायाँप्रति पाना-४ संलग्न राखी आवश्यक कार्यान्वयन तथा सहजीकरणका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

O/C

शरद कुमार दाहाल
शाखा अधिकृत

वोधार्थ:
श्री वैदेशिक रोजगार बोर्डको सचिवालय, बवरमहल।

श्रीमान्
यसै बमोजिम पत्राचार गर्न
पेश गरेको छु

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०४/३१)

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम आ-आफ्नो विद्यालयमा यो सूचना प्रकाशन भएको ६० (साठी) दिन (२०८१ असोज मसान्त) भित्र निवेदन पेश गर्नुहुन साथै सम्बन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुने गरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी थप जानकारी सचिवालयको वेबसाईटमा विस्तृत सूचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एवं सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्बर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ। सूचना तथा कार्यविधि सचिवालयको वेबसाईट www.feb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/३१

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) बमोजिमको ढाँचामा २०८१ साल असोज मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>विद्यार्थीले निवेदन पेश गर्ने निकायः</u> आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसुची - १ बमोजिमको ढाँचामा २०८१ असोज मसान्तभित्र। विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने।

२. <u>छात्रवृत्तिका प्राप्त गर्ने लक्षित वर्गः</u>

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई निर्धारित अवधिभित्र मृत्यु वा अंगभंग वा विरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी।

  (शत प्रतिशत आर्थिक सहायता भन्नाले २०६५।७।१८ देखि २०६८।२।१९ सम्म रु. १ लाख, २०६८।२।२० देखि २०७१।६।३० सम्म रु. १ लाख ५० हजार, २०७१।६।३१ देखि २०७४।४।१५ सम्म रु. ३ लाख र २०७४।४।१६ देखि निवेदन दिने अन्तिम मिति सम्म रु. ७ लाख प्राप्त गरेको हुनुपर्ने। मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति वापत पूर्ण रकम नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने)

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्ड

- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८१ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८१ को छात्रवृत्ति उपलब्ध गराइनेछ।
- शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरेका तर आर्थिक वर्ष २०८०/८१ मा रकम प्राप्त गर्न नसकेका छात्रछात्राले समेत यस आर्थिक वर्षमा छुट छात्रवृत्ति पाउने।

३. <u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु: कार्यविधिले तोके बमोजिम देहाय बमोजिमका कागजात संलग्न हुनुपर्ने।</u>

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजात (चेक बुक)को प्रतिलिपि।
- हाल अध्ययनरत भएको विद्यालयको सिफारिस।
- शिक्षा समितिको निर्णय एवं सम्बन्धित स्थानीय तहको सिफारिस।

४. **शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरी २०८०/८१ मा रकम भुक्तानी हुन नसकेका छात्र छात्राको हकमा:**

क) **सबै कागजात पूरा भई बैंक खाताको विवरण नमिली रकम भुक्तानी हुन नसकेका मिति २०८१ श्रावण २५ गतेको यस सचिवलायको सूचना बमोजिमका ३३४ जनाको हकमा:** हाल अध्यावधिक भएको खाता नम्बर र विवरण स्पष्ट खुल्ने प्रमाण सहित स्थानीय तह (शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा निवेदन पेश गर्नुपर्ने।

ख) **निर्धारित अवधिमा निवेदन पेश गरेका तर कार्यविधि बमोजिमका सम्पूर्ण कागजात बोर्ड सचिवालयमा प्राप्त नभई रकम उपलब्ध हुन नसकेका श्रावण २५ गतेको सूचना बमोजिमका ७२८ जनाको को हकमा:** गत वर्ष विद्यालयमा एवं सम्बन्धित स्थानीय तहमा दर्ता भएको निवेदन सहित गत वर्ष तयार भएका माथि उल्लेखित सबै कागजातको प्रतिलिपी सहित स्थानीय तह (शिक्षा शाखा) मा निवेदन पेश गर्नुपर्ने। यस्ता निवेदन एकीन गरी शिक्षा

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

शाखाले रोजगार सेवा केन्द्र वा बोर्डको FEWIMS चलाउने फोकल पर्शनलाई उपलब्ध गराए पश्चात यस आर्थिक वर्षमा सफ्टवेयरमा प्रविष्ट हुने।

ग) सम्बन्धित विद्यालयमार्फत स्थानीय तहमा निवेदन पेश भई स्थानीय तहबाट निर्धारित अवधिमा सिफारिस भएका तर बोर्डको सचिवालयमा निवेदन प्राप्त नभएका छात्र छात्राहरुले गत वर्ष २०८० पौष मसान्त भित्र शिक्षा समितिको निर्णय भएको प्रमाण सहितका सम्पूर्ण कागजात वैदेशिक रोजगार बोर्डको सचिवालय (प्रशासन, योजना तथा अनुगमन शाखा – कोठा नं १६) मा पुनः छुट छात्रवृत्ति रकम प्राप्त गरिपाउँ भनी आफै उपस्थित भई वा प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत यथाशीघ्र (२०८१ असोज मसान्तभित्र आईपुग्ने गरी) निवेदन पेश गर्नुपर्ने। सो सम्बन्धमा छात्रवृत्ति निर्देशक समितिले निर्णय गरे बमोजिम रकम प्राप्त हुने।

घ) यस खण्डको सि.नं. (क) र (ख) को हकमा सम्बन्धित स्थानीय तहमा निवेदन प्राप्त भएमा गत वर्ष २०८० पौष मसान्त भित्र निजहरुको निर्णय भएको एकीन गरी रोजगार सेवा केन्द्रले चालु आर्थिक वर्षको लागि छात्रवृत्ति प्रदान गर्ने प्रयोजनार्थ FEWIMS प्रणालीमा सि.नं. (ग) को प्रविष्ट गर्ने बखत कागजात स्क्यान गरी आर्थिक वर्ष २०८०/८१ को लागि थप प्रविष्ट हुने व्यवस्था मिलाउने।

ङ) गत शैक्षिक सत्रमा १२ कक्षा सम्म अध्ययनरत भएका वा १८ वर्ष मुनि भई छात्रवृत्तिका लागि निवेदन पेश गरेका तर हाल उक्त सीमा कटेका विद्यार्थीको हकमा समेत यस प्रकरण बमोजिम छुट निवेदन पेश गर्न सकिने।

५. <u>छात्रवृत्तिको रकमको सीमाः</u>

- बार्षिक रुपमा आधारभुत तहमा अध्ययनरतका लागि रु १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रु. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सिधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ। एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ।

६. <u>विद्यार्थी एवं अविभावकको जिम्मेवारीः</u>

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने।

७. <u>विद्यालयको जिम्मेवारीः</u>

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचवुझ गर्नु पर्नेछ ।
- जाँचवुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा २०८१ असोज मसान्तभित्र सिफारिस सहित सम्वन्धित स्थानीय तहमा पठाउनु पर्नेछ । म्याद नाघी आएका निवेदनउपर कारवाही नहुने भएको हुँदा निर्धारित अवधिभित्र सो कार्य गर्नुगराउनुहोला।

८. स्थानीय तहको जिम्मेवारी:

- आफ्नो स्थानीय तह भित्रका सबै विद्यालयहरुलाई सो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम छात्रवृत्ति पाउन योग्य छात्र छात्राको विवरण संकलन गरी स्थानीय तहमा पेश गर्न जानकारी गराउने।
- सम्बन्धित विद्यालयबाट सिफरिस सहित २०८१ असोज मसान्तभित्र प्राप्त हुन आएका निवेदनहरुलाई जाँच गरी २०८१ कार्तिक १५ गतेभित्र स्थानीय शिक्षा समितिमा निर्णय गराई कार्यविधिको अनुसुची (३) मा उल्लेखित विवरण र सबै कागजात स्थानीय तहको रोजगार सेवा केन्द्र वा यस बोर्ड सचिवालयको FEWIMS प्रणाली प्रयोगकर्ता शाखामा पठाउने। निर्धारित अवधिभित्र निर्णय र सिफारिस नभएमा रकम उपलब्ध नहुने भएकोले सो बमोजिम गर्नुपर्ने।
- शिक्षा समितिको निर्णय र प्रमुख प्रशासकीय अधिकृतको सिफारिस पत्रको आधारमा स्थानीय तहको रोजगार सेवा केन्द्र वा यस बोर्ड सचिवालयको FEWIMS प्रयोगकर्ता अधिकृतले कार्यविधि बमोजिम सम्पूर्ण कागजात पुनः रुजु गरी स्क्यान गरेर प्रणालीमा अपलोड/प्रविष्ट गर्ने र प्राप्त सम्पूर्ण निवेदन र कागजातहरु सुरक्षित साथ राख्नुपर्ने।
- स्थानीय तहको फोकल पर्सनले यस सूचना बमोजिमका निवेदनहरु २०८१ कार्तिक १६ पश्चात यथाशीघ्र सफ्टवेयर प्रणाली FEWIMS मार्फत पेश गर्नुपर्नेछ। सफ्टवेयर प्रणालीको user id प्राप्त नगरेका र तालिम नलिएका फोकल पर्सनले बोर्डको तालिममा सहभागी हुने वा virtual कक्षा मार्फत प्रयोग विधिका लागि अनुरोध भएमा तालिम दिईनेछ।

(यस सम्बन्धमा सम्बन्धित विद्यार्थी, विद्यालय वा स्थानीय तहलाई समेत थप जानकारी आवश्यक परेमा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्बर ११४१ मा २४ सै घण्टा सम्पर्क गर्न सकिने छ)

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

# वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति : २०८०।०८।०१

**प्रस्तावना** : वैदेशिक रोजगारका सिलसिलामा मृत्यू, अङ्गभङ्ग, अशक्त र बेपत्ता भएका श्रमिकका परिवारलाई आवश्यक पर्ने शैक्षिक छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषबाट वैदेशिक रोजगारमा गएका श्रमिकका सन्ततीको शैक्षिक विकासमा सहयोग उपलब्ध गराउन आवश्यक भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (२) को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "श्रमिक" भन्नाले वैदेशिक रोजगारमा गएको नेपाली नागरिक सम्झनु पर्छ।

(ख) "परिवारको सदस्य" भन्नाले वैदेशिक रोजगारमा गई मृत्यु वा अङ्गभङ्ग वा अशक्त भएको श्रमिकको एकाघरका परिवारलाई सम्झनु पर्छ।

(ग) "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्डलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले बोर्डको सचिवालयलाई सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उप-महानगरपालिका र महानगरपालिका समेतलाई बुझाउछ।

३. **वैदेशिक रोजगार छात्रवृतिको उद्देश्य** : वैदेशिक रोजगार छात्रवृत्ति कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) श्रमिकका सन्ततीहरुका लागि शिक्षाको अवसर उपलब्ध गराउने,

(ख) श्रमिकको पुनर्स्थापना कार्यका लागि सहयोग पुऱ्याउने।

४. **वैदेशिक रोजगार छात्रवृत्तिको लक्षित वर्ग** : यस कार्यविधि बमोजिम छात्रवृत्ति पाउनका लागि वैदेशिक रोजगारमा जाँदा मृत्यु भएका, अङ्गभङ्ग तथा अशक्त भई फर्केका श्रमिकका विद्यालयस्तरमा अध्ययनरत सन्ततीहरु छात्रवृत्ति कार्यक्रमका लक्षित वर्ग हुनेछन्।

५. **वैदेशिक रोजगार छात्रवृत्ति वितरणको कार्यक्षेत्र** : नेपालभरका सबै जिल्लाहरु यस वैदेशिक रोजगार छात्रवृत्ति वितरणको कार्यक्षेत्र रहने छ।

६. **छात्रवृत्तिको सीमा र मापदण्ड** : (१) बोर्ड स्थापना भई वैदेशिक रोजगार कल्याणकारी कोषबाट रकम उपलब्ध गराउन शुरु गरेको मिति देखि शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय



सचिव

वर्ष मुनिका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकालाई मात्र उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति वितरणको सीमा देहाय बमोजिम हुनेछः-

(क) **छात्रवृत्ति सहयोगलाई दुई समूहमा विभाजन गरिनेछ :** आधारभूत र माध्यमिक तह। यी फरक फरक शैक्षिक तहको लागि फरक फरक रकम निर्धारण गरिनेछ। एक विद्यार्थीलाई एउटा कक्षामा एक पटकका लागि मात्र सहयोग उपलब्ध गराईने छ।

(ख) माथि खण्ड (क) बमोजिम छात्रवृत्ति सहयोग उपलब्ध गराउँदा सामुदायिक विद्यालयतर्फ पूर्व प्राथमिक कक्षा देखि बाह्र कक्षासम्म र संस्थागत विद्यालयतर्फ नर्सरी वा सो सरह देखि बाह्र कक्षासम्म अध्ययनरत विद्यार्थीलाई उपलब्ध गराईने छ।

(ग) श्रमिकका परिवार मध्येबाट तोकिए बमोजिमको प्रक्रिया पूरा गरेका विद्यालय तहमा अध्ययन गरिरहेका सबै सन्ततीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

(घ) यस कार्यविधिको दफा ७ बमोजिम पर्न आएको निवेदन बमोजिम आधारभूत तहका लागि वार्षिक रू १२०००/- (बाह्र हजार) मात्र र माध्यमिक तहका लागि वार्षिक रू १६००० (सोह्र हजार) मात्र छात्रवृत्तिको रकम उपलब्ध गराइने छ।

७. <u>छात्रवृत्ति प्राप्तिको प्रकृया</u> **:** (१) यस कार्यविधिमा उल्लेख भए बमोजिमको परिवारका सदस्यले छात्रवृत्तिका लागि वैदेशिक रोजगार बोर्डको सचिवालयले सूचना प्रकाशित गरी तोकेको म्यादभित्र सम्बन्धित शैक्षिक संस्थामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) निवेदन साथ निवेदकले देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात,

(ख) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता,

(ग) मृतकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिकको अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित स्थानीय तहको सिफारिसको प्रतिलिपि,

(च) श्रमिक करार अवधिभित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(छ) निवेदकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(३) सम्बन्धित विद्यालयमा परेका निवेदनहरु उपर जाँचबुझ गरी सम्बन्धित विद्यालयले उपयुक्त ठहर गरेका निवेदनहरु अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिश सहित सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(४) छात्रवृत्तिका लागि पर्न आएका निवेदनहरु रितपूर्वक परेको छ वा छैन सो को स्थानीय तहले जाँच गर्नेछ र जाँच गर्दा कुनै कागजात अपूग भए स्थानीय तहले सम्बन्धित विद्यालय मार्फत निवेदकबाट सो कागजात सच्याई पेश गर्न लगाउनेछ।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सचिव

(५) यसरी प्राप्त विवरणहरु स्थानीय तहको शिक्षा समितिको निर्णयबमोजिम स्थानीय तहले संलग्न कागजात सहित अनुसूची-३ को ढाँचामा बोर्डको सचिवालयमा पठाउनु पर्नेछ।

(६) सचिवालयले प्राप्त विवरणहरु रुजु गरी ठीक ठहरेमा छात्रवृत्तिको रकम वार्षिक रुपमा छात्र छात्रा वा निजको नजिकको संरक्षकको बैंक खातामा एकमुष्ठ उपलब्ध गराउनेछ।

८. <u>निर्देशक समिति</u> : वैदेशिक रोजगार छात्रवृत्ति वितरण सम्बन्धी काम कारबाहीको अनुगमन गर्न, प्राप्त विवरण अध्ययन गर्न, छात्रवृत्ति प्रदान गर्नका लागि बोर्ड सचिवालयमा सिफारिस गर्न र मापदण्डमा समायानुकूल परिमार्जनको सिफारिस गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | बोर्डको कार्यकारी निर्देशक | -संयोजक |
| (ख) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको उपसचिव | -सदस्य |
| (ग) | मन्त्रालयले तोकेको उपसचिव | -सदस्य |
| (घ) | मन्त्रालयको उपसचिव (कानून) | -सदस्य |
| (ङ) | वैदेशिक रोजगार विभागको निर्देशक | -सदस्य |
| (च) | शिक्षा तथा मानवस्रोत विकास केन्द्रको छात्रवृत्ति हेर्ने निर्देशक | -सदस्य |
| (छ) | वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष वा नीजले तोकेको संघको सदस्य | -सदस्य |
| (ज) | नेपाल स्वास्थ्य व्यवसायी महासंघको अध्यक्ष वा नीजले तोकेको महासंघको सदस्य | -सदस्य |
| (झ) | बोर्डको निर्देशक | -सदस्य-सचिव |

(२) समितिको वैठक आवश्यकतानुसार बस्नेछ र समितिको पदाधिकारीले नियमानुसार वैठक भत्ता पाउनेछ।

(३) समितिले आवश्यकतानुसार अन्य विज्ञ र कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

९. <u>व्यवस्थापन तथा अनुगमन</u> : (१) यस कार्यविधि बमोजिम छात्रवृत्तिको कार्यक्रमलाई व्यवस्थापन बोर्डको सचिवालयले गर्नेछ।

(२) शिक्षा विकास तथा समन्वय ईकाइ एवं स्थानीय तहसँगको समन्वयमा सचिवालयले छात्रवृत्ति कार्यक्रमको अनुगमन गर्नेछ।

(३) अनुगमनबाट उक्त सहायता रकम कार्यविधिको उद्देश्य विपरितका कार्यमा खर्च भएको पाइएमा बोर्डले त्यस्तो रकम रोक्का गरी सम्बन्धित व्यक्तिबाट सोधभर्ना गराउनेछ।

१०. <u>बाधा अड्काउ फुकाउने र अनुसूचीमा हेरफेर</u> : (१) यो कार्यविधि लागू गर्न कुनै बाधा अड्काउ परेमा बोर्डले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) कार्यविधिको अनुसूचीमा निर्देशक समितिको सिफारिसमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ।

११. <u>खारेजी तथा बचाउ</u> : (१) वैदेशिक रोजगार छात्रवृत्ति कार्यविधि, २०७१ खारेज गरिएको छ।

(२) वैदेशिक रोजगार छात्रवृत्ति कार्यविधि, २०७१ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

### विद्यालयको सिफारिसको ढांचा

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

..................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

**अनुसूची-३**

(कार्यविधिको दफा ७ (५) संग सम्बन्धित)

**स्थानीय तहको सिफारिस ढाँचा**

मितिः .................

श्री कार्यकारी निर्देशकज्यू,
वैदेशिक रोजगार बोर्डको सचिवालय,
बबरमहल, काठमाण्डौं।

**विषय : सिफारिस सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस स्थानीय तहभित्रका तपसिल बमोजिमका विद्यालयमा अध्ययनरत भएका निम्न परिवारका निम्न विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न उपयुक्त छ भनी विभिन्न विद्यालयबाट सिफारिस भई आएकोमा मिति...........मा सम्पन्न छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम निम्न विद्यार्थीहरूलाई छात्रवृत्ति रकम उपलब्ध गराउन उपयुक्त देखी प्राप्त निर्णयार्थ सिफारिस गरिन्छ।

**संलग्न विवरण**

| क्र. सं. | विद्यार्थी को नाम | विद्यालयको नाम | जन्म मिति | कक्षा | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँग नाता | राहदानी नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमलहल, काठमाडौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
२०६८

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/३१

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८१ साल असोज मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विद्यार्थीले निवेदन पेश गर्ने निकायः आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसुची - १ वमोजिमको ढाँचामा २०८१ असोज मसान्तभित्र। विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहवाट वनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने।

२. छात्रवृत्तिका प्राप्त गर्ने लक्षित वर्गः

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई निर्धारित अवधिभित्र मृत्यु वा अंगभंग वा विरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी।

(शत प्रतिशत आर्थिक सहायता भन्नाले २०६५।७।१८ देखि २०६८।२।१९ सम्म रु. १ लाख, २०६८।२।२० देखि २०७१।६।३० सम्म रु. १ लाख ५० हजार, २०७१।६।३१ देखि २०७४।४।१५ सम्म रु. ३ लाख र २०७४।४।१६ देखि निवेदन दिने अन्तिम मिति सम्म रु. ७ लाख प्राप्त गरेको हुनुपर्ने। मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति वापत पूर्ण रकम नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने)

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८१ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८१ को छात्रवृत्ति उपलव्ध गराइनेछ।
- शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरेका तर आर्थिक वर्ष २०८०/८१ मा रकम प्राप्त गर्न नसकेका छात्रछात्राले समेत यस आर्थिक वर्षमा छुट छात्रवृत्ति पाउने।

३. <u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः कार्यविधिले तोके बमोजिम देहाय बमोजिमका कागजात संलग्न हुनुपर्ने।</u>

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजात (चेक बुक)को प्रतिलिपि।
- हाल अध्ययनरत भएको विद्यालयको सिफारिस।
- शिक्षा समितिको निर्णय एवं सम्वन्धित स्थानीय तहको सिफारिस।

४. शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरी २०८०/८१ मा रकम भुक्तानी हुन नसकेका छात्र छात्राको हकमाः

क) सबै कागजात पूरा भई बैंक खाताको विवरण नमिली रकम भुक्तानी हुन नसकेका मिति २०८१ श्रावण २५ गतेको यस सचिवलायको सूचना बमोजिमका ३३४ जनाको हकमाः हाल अध्यावधिक भएको खाता नम्वर र विवरण स्पष्ट खुल्ने प्रमाण सहित स्थानीय तह (शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा निवेदन पेश गर्नुपर्ने।

ख) निर्धारित अवधिमा निवेदन पेश गरेका तर कार्यविधि बमोजिमका सम्पूर्ण कागजात बोर्ड सचिवालयमा प्राप्त नभई रकम उपलब्ध हुन नसकेका श्रावण २५ गतेको सूचना बमोजिमका ७२८ जनाको को हकमाः गत वर्ष विद्यालयमा एवं सम्बन्धित स्थानीय तहमा दर्ता भएको निवेदन सहित गत वर्ष तयार भएका माथि उल्लेखित सबै कागजातको प्रतिलिपी सहित स्थानीय तह (शिक्षा शाखा) मा निवेदन पेश गर्नुपर्ने। यस्ता निवेदन एकीन गरी शिक्षा

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

शाखाले रोजगार सेवा केन्द्र वा बोर्डको FEWIMS चलाउने फोकल पर्शनलाई उपलब्ध गराए पश्चात यस आर्थिक वर्षमा सफ्टवेयरमा प्रविष्ट हुने।

ग) सम्बन्धित विद्यालयमार्फत स्थानीय तहमा निवेदन पेश भई स्थानीय तहबाट निर्धारित अवधिमा सिफारिस भएका तर बोर्डको सचिवालयमा निवेदन प्राप्त नभएका छात्र छात्राहरुले गत वर्ष २०८० पौष मसान्त भित्र शिक्षा समितिको निर्णय भएको प्रमाण सहितका सम्पूर्ण कागजात वैदेशिक रोजगार बोर्डको सचिवालय (प्रशासन, योजना तथा अनुगमन शाखा – कोठा नं १६) मा पुनः छुट छात्रवृत्ति रकम प्राप्त गरिपाउँ भनी आफै उपस्थित भई वा प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत यथाशीघ्र (२०८१ असोज मसान्तभित्र आईपुग्ने गरी) निवेदन पेश गर्नुपर्ने। सो सम्बन्धमा छात्रवृत्ति निर्देशक समितिले निर्णय गरे बमोजिम रकम प्राप्त हुने।

घ) यस खण्डको सि.नं. (क) र (ख) को हकमा सम्बन्धित स्थानीय तहमा निवेदन प्राप्त भएमा गत वर्ष २०८० पौष मसान्त भित्र निजहरुको निर्णय भएको एकीन गरी रोजगार सेवा केन्द्रले चालु आर्थिक वर्षको लागि छात्रवृत्ति प्रदान गर्ने प्रयोजनार्थ FEWIMS प्रणालीमा सि.नं. (ग) को प्रविष्ट गर्ने बखत कागजात स्क्यान गरी आर्थिक वर्ष २०८०/८१ को लागि थप प्रविष्ट हुने व्यवस्था मिलाउने।

ङ) गत शैक्षिक सत्रमा १२ कक्षा सम्म अध्ययनरत भएका वा १८ वर्ष मुनि भई छात्रवृत्तिका लागि निवेदन पेश गरेका तर हाल उक्त सीमा कटेका विद्यार्थीको हकमा समेत यस प्रकरण बमोजिम छुट निवेदन पेश गर्न सकिने।

५. <u>छात्रवृत्तिको रकमको सीमाः</u>

- वार्षिक रुपमा आधारभुत तहमा अध्ययनरतका लागि रु १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रु. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सिधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ। एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ।

६. <u>विद्यार्थी एवं अविभावकको जिम्मेवारीः</u>

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्वन्धित विद्यालयमा निवेदन पेश गर्ने।

७. <u>विद्यालयको जिम्मेवारीः</u>

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्वन्धी सूचना प्रवाह गर्ने ।

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक